# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भोजपुर नगरपालिका
## भोजपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भोजपुर नगरपालिका

भोजपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भोजपुर नगरपालिका

भोजपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**
**महालेखापरीक्षक**

**जेष्ठ, २०८१**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १२९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्ष ज्यू ,

भोजपुर नगर कार्यपालिकाको कार्यालय,

भोजपुर ।

१. **कैफियत सहितको राय** — हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड २६ लाख २८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१२ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४५ लाख ७१ हजार, नियमित गर्नुपर्ने रू.६७ लाख ८६ हजार र पेश्की बाँकी रू.५० हजार समेत रू.१ करोड २६ लाख २८ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रू.१३ करोड ८६ लाख ६३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक

बेरुजू रू.१२ करोड ७५ लाख ९२ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. यस पालिकाको विशेष व्यहोरा वित्तीय विवरणसँग प्रत्यक्ष सम्बन्ध छ भने समावेस गर्ने र नभएमा २.३ हटाइ तलको निम्नानुसार व्यहोरा कायम नै गर्ने

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्तालेे सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

भोजपुर नगरपालिका,

भोजपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७० | ४० | १२६२८ | ० | ० | ० | ७० | ४० | १२६२८ | १२२१ | ६७८६ | ४५७१ | ० | ० | ११३५७ | ५० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | १३८६६३ | ० | २३८४२ | ११४८२१ | १४३ | १२६२८ | १२७५९२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | - |
| | **चालु वर्षको जम्मा** | | | - |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | | | |
| १ | | १८ | अनुदान फिर्ता भएको प्रमाण पेश बेरुजु फस्र्यौट | १९६४४४५ |
| २ | | ४८ | बढी भुक्तानी असुल गरी दाखिला भएको | २९७५ |
| ३ | | ४९ | छूट करकट्टी असुल गरी दाखिला भएको | १८९०० |
| ४ | | ५९ | नापी किताब प्रमाण पेश भएको | ३४४०००० |
| ५ | | ६२ | प्रमाण कागजात पेश भएको | ५८५८९८ |
| ६ | | ६८ | महंगी भत्ता भुक्तानी असुल दाखिला | ६६९५१० |
| ७ | | ७५ | कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश | ९०००००० |
| ८ | | ७७ | कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश | ६२९२६६५.०४ |
| ९ | | ११३ | पेश्की फस्र्यौट भएको | १२००००० |
| | **जम्मा** | | | २,३१,७४,३९३.०४ |
| | **२०७७।७८** | | | |
| १ | | ४७ | विल भरपाई प्रमाण पेश | १११००० |

| | | | | |
|---|---|---|---|---|
| २ | | ६९ | पदाधिकारी दोहोरो सुविधा भुक्तानी असुल गरी दाखिला | ५४६८३४ |
| ३ | | ८७ | बढी ग्रेड रकम भुक्तानी असुल गरी दाखिला | १००१६ |
| | **जम्मा** | | | **६,६७,८५०.००** |
| | २०७६।७७ | | | |
| | **गत विगतको जम्मा** | | | २,३८,४२,२४३.०४ |
| | **कुल जम्मा** | | | २,३८,४२,२४३.०४ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) भोजपुर नगरपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १२ वडारहेको छ भने क्षेत्रफल ६८.४ वर्ग किलोमिटर तथा १७७५६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।। देखि २०८०।। सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रू. ०, राजश्वतर्फ रू. ०, धरौटीतर्फ रू. ०, अन्य कारोबारतर्फ रू. ०, आय - व्ययतर्फ रू. १,३९,०१,८०,२७४।७९, सम्पत्ति तथा दायित्व तर्फ रू. ० को गरी जम्मा रू. १,३९,०१,८०,२७४।७९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. ३२५। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रू. |
|---|---|---|
| १ | नगरपालिका चालु ढुवानी | ३२५ |

२ **वित्तिय विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ती भुक्तानी हिसाव देहाय बमोजिम रहेको छ।

**आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
| | | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६५,९४,६८,४५५.५४ | ५७,२८,३८,७२७.३८ | | ५७,२८,३८,७२७.३८ | ५५,५९,००,३१०.३९ | | ५५,५९,००,३१०.३९ |
| क. प्रासि (संचितकोष मा आम्दानी बाँधिने) | | ६४,८८,८६,१९०.०० | ५६,९९,५५,७८५.११ | ०.०० | ५६,९९,५५,७८५.११ | ५५,२८,५९,०५३.७८ | ०.०० | ५५,२८,५९,०५३.७८ |
| ११००० कर | ११ | ११,५२,५३,१९०.०० | ९,३२,६६,०४१.२५ | ०.०० | ९,३२,६६,०४१.२५ | ९,५९,३५,२४०.४९ | ०.०० | ९,५९,३५,२४०.४९ |
| १३००० अनुदान | | ५१,७२,३३,०००.०० | ४६,१२,३३,२७९.८३ | ०.०० | ४६,१२,३३,२७९.८३ | ४४,१४,२५,०१५.४९ | ०.०० | ४४,१४,२५,०१५.४९ |
| संघीय सरकार | १२ | ४८,६५,३६,०००.०० | ४३,२६,३४,९३६.८५ | ०.०० | ४३,२६,३४,९३६.८५ | ४१,०९,२६,५९२.११ | ०.०० | ४१,०९,२६,५९२.११ |
| प्रदेश सरकार | १२ | ३,०६,९७,०००.०० | २,८५,९८,३४२.९८ | ०.०० | २,८५,९८,३४२.९८ | ३,०४,९८,७९७.३८ | ०.०० | ३,०४,९८,७९७.३८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | १,६४,००,०००.०० | १,५४,५६,४६४.०३ | ०.०० | १,५४,५६,४६४.०३ | १,५४,९८,७९७.८० | ०.०० | १,५४,९८,७९७.८० |
| ख. अन्य प्राप्ति | | १,०५,८२,२६५.५४ | २८,८२,९४२.२७ | | २८,८२,९४२.२७ | ३०,४१,२५६.६१ | | ३०,४१,२५६.६१ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | १,०५,८२,२६५.५४ | १४,५६,०००.०० | ०.०० | १४,५६,०००.०० | ५,७४,५९५.६५ | ०.०० | ५,७४,५९५.६५ |
| धरौटी | | ०.०० | १४,२६,९४२.२७ | ०.०० | १४,२६,९४२.२७ | २४,६६,६६०.९६ | ०.०० | २४,६६,६६०.९६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ७०,१६,२०,०२९.५४ | ५९,७१,१३,९६५.२८ | | ५९,७१,१३,९६५.२८ | ५६,७०,५७,४७४.९० | ०.०० | ५६,७०,५७,४७४.९० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६९,१०,३७,७६४.०० | ५८,७६,३०,५८४.०२ | | ५८,७६,३०,५८४.०२ | ५५,४६,१७,६२५.२५ | | ५५,४६,१७,६२५.२५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २८,४८,५३,८५०.३२ | २६,५७,२८,३४६.०३ | ०.०० | २६,५७,२८,३४६.०३ | २०,५५,१०,०३०.८७ | ०.०० | २०,५५,१०,०३०.८७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,१०,००,२०४.०० | ११,९३,७२,९७०.८१ | ०.०० | ११,९३,७२,९७०.८१ | १२,५२,०१,६७२.६७ | ०.०० | १२,५२,०१,६७२.६७ |
| २५००० सहायता | १८ | ४१,६५,०००.०० | ३६,४४,९५८,.७२ | | ३६,४४,९५८,.७२ | ३,६०,०००.०० | | ३,६०,०००.०० |
| २६००० अनुदान | १८ | ४,२१,०५,०००.०० | ३,१४,९५,५५५.६२ | | ३,१४,९५,५५५.६२ | ३,०९,५२,६३७.०० | | ३,०९,५२,६३७.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,५६,०९,२००.०० | १,१६,०६,३०२.३७ | ०.०० | १,१६,०६,३०२.३७ | १,३५,९२,६८५.८० | ०.०० | १,३५,९२,६८५.८० |
| २८००० अन्य खर्च | १८ | ८४,०१,०८०.६८ | ६५,०६,५८८.६८ | ०.०० | ६५,०६,५८८.६८ | १७,१८,२८,९४९.९३ | ०.०० | १७,१८,२८,९४९.९३ |
| ३१००० गैर वित्तीय सम्पत्ती / | १८ | १८,४९,०३,४२९.०० | १४,९२,४८,८६१.७९ | ०.०० | १४,९२,४८,८६१.७९ | १७,१८,२८,९४९.९३ | ०.०० | १७,१८,२८,९४९.९३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पूँजीगत खर्च | | | | | | | | |
| घ. अन्य भूक्तानी | | १,०५,८२,२६५.५४ | ९५,१०,३८१.२६ | | ९५,१०,३८१.२६ | ५६,७०,५७,४७४.९० | | ५६,७०,५७,४७४.९० |
| कोषहरु | | १,०५,८२,२६५.५४ | ५३,२०,४६८.०० | ०.०० | ५३,२०,४६८.०० | १,०८,६२,५९५.६५ | ०.०० | १,०८,६२,५९५.६५ |
| धरौटी | | ०.०० | ४८,०४,५४७.०९ | ०.०० | ४८,०४,५४७.०९ | १५,७७,२५४.०० | ०.०० | १५,७७,२५४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी दाखिला गर्न बाँकी | | | (६,१४,६३३.८३) | | (६,१४,६३३.८३) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,२१,५१,५७४.००) | (२,४२,७५,२३७.९०) | | (२,४२,७५,२३७.९०) | (१,११,५७,१६४.५१) | | (१,११,५७,१६४.५१) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,७९,३३,०३१.४७ | | ५,७९,३३,०३१.४७ | ६,५३,८१,३०२.५८ | | ६,५३,८१,३०२.५८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,२१,५१,५७४.००) | ३,३६,५७,७९३.५७ | | ३,३६,५७,७९३.५७ | ५,४२,२४,१३८.०७ | | ५,४२,२४,१३८.०७ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ३,३६,५७,७९४.३७ | | ३,३६,५७,७९४.३७ | ५,४३,०१,२१५.०७ | | ५,४३,०१,२१५.०७ |
| | | | | | | | | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:-

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा आंशिकरुपमा गरेको पाइयो।

- बार्षीक लक्ष्य प्रगती तयार गरेको पाइएन।

- दरभाउपत्रको मुल्याङ्कन समितीमा ५ जना सदस्य र ३ जना आमन्त्रीतलाई थपि ८ जना सम्मलाई बैठक भत्ता भुक्तानी दिनु पर्नेमा ११ जना सम्मलाई ४४ वैठकको बैठक भत्ता रू.११७७५०। भुक्तानी भएको बैठक भत्ता भुक्तानीमा नियन्त्रण गरिनु पर्दछ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाइयो।

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।

- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।

- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३४ जनाको दरबन्दी रहेकोमा २० पदपूर्ती भइ १४ दरवन्दी रिक्त रहेको छ। रिक्त दरवन्दी लोकसेवा मार्फत पदपूर्ती गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा ६ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

- निजामती सेवा ऐन २०४९ को दफा ७ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी नेपाल सरकार तर्फ रू.१७८८२०९५। र पालिका तर्फ रू.१०६८०४३७।तलब गरीर रू.२८५६५५३२। खर्च लेखेको पाइयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

- पालिका अन्तरगत वडाहरुले खरिद गरेको सामान वडाहरुले आफूखुसी खरिद गर्ने र पालिकाको मुल जिन्सी खातमा दाखिला नगरी सहायक खातामा मात्र दाखिला गर्ने गरेको पाइएकाले खरिद प्रकृयालाई एकिकृत गराउनु पर्दछ। साथै पालिकाबाट सम्पती हस्तान्तरण गर्ने गरेको तर वडामा दाखिला गरेको प्रमाण स्रेस्तामा संलग्न गर्ने गरेको पाइएन।

- पालिकाबाट संचालनमा रहेका योजनाहरुको ठेक्का लगाउँला निर्माण व्यवसायीले निर्माण कार्यको विमा गराउँदा योजनाको म्याद थप तथा मर्मत संभार अवधिको विमा गराउने गरेको पाइएन।

- पालिकाबाट संचालित योजनाको ठेक्काको अवधि थपगर्दा विमाको अवधिको समेत म्याद थप गर्नु पर्नेमा थप गरेको पाइएन।

- बैक हिसाव मिलान विवरण तयार गरेको पाइएन।

- दरभाउ पत्रको मुल्याङ्कन समितीमा ५ जनाको समितीमा ३ जना आमन्त्रित थप गरी ८ जना सम्मलाई बैठक भत्ता भुक्तानी दिनुपर्नेमा ११ जना सम्मलाईसम्म सहभागी गरी ४४ जनालाई रू.११७७५। भुक्तानी गरेको छ। बैठक भत्ता भुक्तानीमा नियन्त्रण गरिनु पर्दछ।

- सवारी साधन मर्मत वापत विभिन्न भौचर र मितीमा जम्मा रू.३००६५०७। खर्च गरेकोमा PAMS मा प्रविष्टी गरेको पाइयो।

- पालिकाबाट कारोबारको रकम भुक्तानी गर्दा सम्वन्धित संस्थालाई भुक्तानी गर्नु पर्नेमा व्यक्तीलाई सम्त भुक्तानी गरेको पाइयो।

- वडा कार्यालयबाट फर्निचर फिक्चर्स खरिद गर्दा सम्बन्धित सप्लायर्सलाई भुक्तानी दिनु पर्नेमा वडा सचिव/कर्मचारीहरुलाई सोझै भुक्तानी दिएको पाइयो।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

**सैद्धान्तिक बेरुजु**

## ४ वित्तीय बिबरणको परीक्षण

४.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।

पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ।

सैद्धान्तिक बेरुजु

४.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.१०,९०,४०,६५८।०० गरिव सँग विशेश्वर कार्यक्रमको रू.४,६२,९९९।५० समेत गरी रू.१,०९,५०३,६५७।५० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.१,५२,६७,०२३।९०,एकिकृत आ.वि ले कम देखाएको छ। यस वर्षको प्राप्ति रू.१७,८०,३९,५१३।३०, एकिकृत आ.वि मा बढी आम्दानी देखाएको छ। यस वर्षको भुक्तानी रू.१९,५४,०६,९७७।४० बढी भुक्तानी देखाइ बैङ्क मौज्दात रू.२,३१,२४,१०७।५० बढी देखाएको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **५७९३३०३१.४७** | **५७२८३८७२७.३८** | **५८७६०३५८४.०२** | **३३६५७७९४.३७** |
| एकीकृत आर्थिक विवरणअनुसार | ४२६६६००७.५७ | ७५०८७८२४०.६७ | ७८३०१०५६१.३७ | १०५३३६८६.८७ |
| फरक | १५२६७०२३.९ | -१७८०३९५१३.३ | -१९५४०६९७७.४ | २३१२४१०७.५ |

सैद्धान्तिक बेरुजु

४.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.५५,४९,९२१७।९२ मौज्दात रहेकोमा यो वर्ष रू.५,७९,३३,०३१।४७ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.२४,३३,८१३।५५ वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः-

| खाता | स्रेस्ताअनुसार मौज्दात रू. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू. | फरक रू. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २५९०३०७० | २३९७०२१२ | १९३२८५८ |
| विविध खर्च खाता | ८४०१७१ | १९१४९३८ | -१०७४७६७ |
| धरौटी | २९४०५२६.६९ | ३९१९१८९.३९ | -९७८६६२.७ |
| ग१.१, आन्तरिक राजस्व खाता | १६१५६४.१३ | १६५२८२ | -३७१७.८७ |
| **जम्मा** | **२९८४५३३१.८२** | **२९९६९६२१.३९** | **१२४२८९.५७** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।पालकाको बैकको स्रेस्ताले रू.२९,८४५,३३१।८२ र बैक स्टेटमेन्ट अनुसार रू.२९,९६९,६२१।३९ देखाएको पाइयो जुन स्रेस्ता भन्दा रू.१,२४,२८९।५७ बैकमा बढी देखाएको पाइएकाले हिसाव मिलान गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४.६ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रू.६,१४,६३३।८३ देखाएको छ।यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ६,१४,६३३ |
|---|---|

५ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन। खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रू.४,४५,७४,६६१।२६ मिति२०८०।३।३१ मा फिर्ता गरेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३५१६३६००० | ३१६२०१७९८.८६ | ३५४३४२०१.१४ |
| | विषेश | १५०००००० | ७१५६३२१.९९ | ७८४३६७८.१ |
| **प्रदेश सरकार** | शसर्त | १४२८२००० | १३१८८१०५ | १०९३८९२ |
| | समपुरक | १०००००००० | ९७९७१०९.९८ | २०२८९०.०२ |
| | **जम्मा** | | | **४४५७४६६१.२६** |

सैद्धान्तिक बेरुजु

६ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भएता पनि सकृय रुपमा काम गरेको पाइयो।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.२०७९५४८९.०४ राजस्व बाँडफाँड र अनुदानबाट रू.५९३१८५६४१.२४ समेत रू.६१३९८११३०.२४ आम्दानी भएकोमा चालु तर्फ रू.४३८३५४७२१.४३ र पूँजिगत तर्फ रू. १४९२४८८६१.७९ समेत रू.५८७६०३५८९.२२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ९.०३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.११२२८०००।खर्च भएको छ जुन आन्तरिक आयको ५३.९९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८६.६ प्रतिशत चालुमा ८०.७१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१०मा रू.६९ करोड ४५ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।६।१मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

११ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत

सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ४६५ वडाको लागि वडागत र पालिकास्तरका कुल ९४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | १ लाख सम्म | १-२ लाख सम्म | २-५ लाख सम्म | ५-१० लाख | १० लाख भन्दा माथी |
|---|---|---|---|---|---|---|---|
| १. | पालिका स्तरीय | ९४ | ३९ | १७ | ३१ | ६ | १ |
| २. | वाडा स्तरिय | ४६५ | २७८ | १२९ | ५८ | ० | ० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित ५५९ योजना मध्ये ५०४ योजनामात्र कार्यान्वयन भई ५५ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१४९२४८८६१.७९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०३१४९९६ | २७३८८४८८.७४ | ४.६६ |
| २ | पूर्वाधार विकास | ८५५३८४१६ | ६८४३८७७०.१२ | ११.६५ |
| ३ | सामाजिक विकास | ३६५२००२९४.३२ | ३३४५१२८१६.५४ | ५६.९३ |
| ४ | बातावरण तथा विकास | २८०५००० | २१९०११९.३४ | ०.३७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३९९५५९५४ | ३२७९८६५८.९१ | ५.५८ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १५०७०८४९३.६८ | १२२२७४७२९.३७ | २०.८१ |
| **जम्मा** | | **६९४५२३१५४** | **५८७६०३५८३.०२** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५६.९३ प्रतशित र वातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.३७ प्रतिशत रहेको छ । अतः पुर्वाधार विकासमा बढी खर्च गर्नु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१५ **सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

| सम्पत्ति | प्रास मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | ४३-७-०-० | ११५४८१८८ | २८ वट संख्यामा रहेको जग्गा केहीको मुल्य खुलेको केहीको नखुलेको |
| सवारी साधन (रू.१ लाखभन्दा बढी) | विभिन्न | ११ | ३१७५८५२९ | |
| उपकरण (रू.१ लाखभन्दा बढी) | विभिन्न | १४ | ३२१२३०० | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | विभिन्न | ४ | ६५७१००० | ल्याण्डरोभर, मोटरसाइकल, ल्यापटप, प्रिन्टरको मुल्य उल्लेख नभएको |

बेचल्चीमा रहेको ल्याण्डरोभर गाडी १ थानकोमुल्य उल्लेख गरेको पाइएन, मोटरलाइकल बेचल्तीमा रहेको ८ को मुल्य उल्लेख नभएको तर लिलाम विक्री गर्नु पर्नेमा ६ उल्लेख भएको पाइयो। प्रिन्टर बेचल्तीमा रहेको १० तथा लिलाम विक्री गर्नु पर्ने१३ वटा पाइयो। लिलाम विक्री गर्नु पर्ने र वेचल्तीमा रहेको सामानको सख्या मिलेको नपाइएकाले प्रतिवेदन तयार गर्दा ध्यान दिएको देखिएन। अतःप्रतिवे तयार गर्दा यथार्थपरक बनाउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१६ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत गर्नु पर्ने ३५ किसिमका सामान २०३ वटा तथा ३१ किसिमका सामान १६५ वटा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा लेखापरीक्षण अवधि सम्म प्रकृया अगाडी बढाएको पाइएन।

• नगरपालिका अन्तर्गत रहेका वडा कार्यालयहरुले सामान आफै खरिद गरी वडा कार्यालयमानै जिन्सी दाखिला गरेको पाइयो। खरिद कार्यलाई एकिकृत तरिकाबाट पालिकामा खरिद गरि नगरपालिका खातामा दाखिला पश्चात हस्तान्तरण फारम मार्फत वडा कार्यालयमा सामान हस्तान्तरण गरिनु पर्दछ।

• सवारी साधन मर्मत वापत विभिन्न भौचर र मितीमा रू.३०,०६,५०७।०० मर्मत सम्भारमा भुक्तानी भएकोमा कोटेशनको संलग्न तथा पाम्समा प्रविष्टी गरेको पाइएन।

सैद्धान्तिक बेरुजु

१७ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने व्यवस्था भएता पनि निम्नानुसार भौचरबाट खरिद गरिएका सामानहरु जिन्सि दाखिला गरेको नपाइएकाले जिन्सी दाखिला गर्नु पर्ने रू.

| क्र सं | भौ मिति | संस्थाको नाम | सामानको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ४४ ०७९।९।१५ | पालिकामा खरिद | डेक्स बेन्च | ९९९९९ |
| २ | ३९६ ०८०।३।१८ | वडा नं ३ सामान खरिद | भ्याकुम खरिद | १७५०० |
| | **जम्मा** | | | **११७४९९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१७,४९९ |

१८ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २०१ व्यक्तिहरुलाई रू.१३,५५,०००।०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. २,०७,९५,४८९।०० को ६.५१ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष नगरपालिकाका मेयर, उप मेयर, अन्य विषयगत शाखाका अतिथि सत्कार तथा बैठक भत्ता समेतमा खाना तथा विविधतर्फ मात्र रू.६०,३५,८८२।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा व्यवस्था गरि गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रू.१,४४,५८,८०२।०० भुक्तानी दिएको छ। कार्यपालिकाको मिति २०७९।५।८ गरेतको बैठक निर्णय नं. ११ बाट भुक्तानी दिन बाँकी रू.१,४१,५४,३१७।५७ प्रमाणीत गराएकोले भुक्तानी दिन बाँकी बेगर रू.३,०४,४८५।४३ भुक्तानी हुन नियम सम्मत देखिएन।

सैद्धान्तिक बेरुजु

२१ **नाफामुलक संस्थालाइ अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन। यो वर्ष देहायअनुसारका रू.४८४२०१। नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रू.

| क सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रू. |
|---|---|---|---|
| १ | रेडीयो भोजपुर | उपकरण खरिद | २९१००० |
| २ | सिद्धकाली महिला वचत तथा ऋण सहकारी | उपकरण खरिद | १९३२०१ |
| | **जम्मा** | | **४८४२०१** |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २१.१ | | ४,८४,२०१ |
| | अनियमित भएको | ४,८४,२०१ |

२२ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रू.३,९०,०००।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| पद | नियुक्ति संख्या | तलव भत्ता रू. |
|---|---|---|
| नगरपालिका करार अधिकृत तहको | १ | ३९०००० |
| | जम्मा | ३९०००० |

| | |
|---|---|
| अनियमित भएको | ३,९०,००० |

२३ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रू.२४,९३,६३१।०० मौज्दात रहेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण ९ वटा सहकारीमात्र दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **सामाजिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३१ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४५ कर्मचारीको रू.१,६०,००,०००।०० र पालिकाका ५४ कर्मचारीको रू.१,३३,९५,५४६।०० समेत रू.२,९३,९५,५४६।०० खर्च लेखेको छ।तलबी प्रतिवेदन नगर सभाले पास गरी खर्च लेखेको पाइयो।

सैद्धान्तिक बेरुजु

२८ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ६ वटा नियमावली, २४ कार्यविधि लगायत ५० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ५० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष थप भएको २९ गरी कुल ४३ विवाद दर्ता भएकोमा ३० वटा मात्र फस्यौंट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **सेवा प्रवाह विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ८ वटा ऐन, १ वटा नियमावली र १९ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | जम्मा |
|---|---|

| | |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ८१३ |
| मृत्युदर्ता | २५४ |
| बसाईसराई दर्ता | ५० |
| विवाह दर्ता | ३३२ |
| सम्बन्धविच्छेद दर्ता | ४५ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवाको अभिलेख व्यवस्थित राख्ने गरेको नपाइएकाले यसमा सुधार गर्ने पर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **फोहोरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर भोजपुर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **कन्टिन्जेन्सी खर्चको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत

रु ९५४००० खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन ।

सैद्धान्तिक बेरुजु

३५ **भोजपुर गोल्ड कप -** पालिकाले भोजपुर गोल्डकम मिति २०७९।१२।१०-१२।१६ संम ७ दिन संचालन गरी भौ.नं.४१७-२०८०।१।१० बाट रू.२४,२५,०००।०० खर्च लेखेको छ। सो भुक्तानी रकम मध्य रेफ्री भुक्तानी रू.८८,२००।००, म्याच फि रू.१,१५,०००।००, उत्कृष्ट खेलाडी पुरस्कार रू.८६,५००।००, प्रथम र द्धितिय पुरस्कार रू.८,००,०००।००, खेल मैदान व्यवस्थापन तथा डोर हाँजिरी रू.९८,८००।००, ट्रफी रू.४४,५००।००, यातायात रू.४,९४,२५०।००,खाजा खाना रू.४,९६,१५०।००, औषधी रू.१०,०५४।००, विविध रू.१,७०,०७०।०० र कोठामा रू.२,२६,८००।०० गरी रू.२८,००,०२९।०० को विल भर्पाई पेश भएकोमा रू.२४,२५,०००।०० भुक्तानी भएको सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-

- यातायातमा रू.४,९४,२५०। भुक्तानी भएको छ। यातायातमा खर्च गर्नु पुर्व यातायात व्यवसायी सँग संझौता गर्नु पर्नेमा संझौता गरेको पाइएन।
- खेल संचालनमा पश्चात दैनिक कृयाकलाप देखिने गरि प्रतिवेदन पेश गर्नु पर्नेमा सो अनुसारको प्रतिवेदन तयार गरेको पाइएन।
- पालिकाको आन्तरिक आम्दानी रू.२,०७,९५,४८९।०४ भएकोमा रू.२४,२५,०००।०० (११.६६ प्रतिशत) भोजपुर गोल्डकप संचालन मा खर्च गरिएको छ।यस्ता कार्यक्रम संचालन गर्दा आन्तरिक आयमा ध्यान दिइ आन्तरिक आयबाट खर्च गरिनु पर्नेमा वित्तिय समानिकरणबाट खर्च गरेको पाइयो।
- यस्ता ठूला र जिल्ला स्तरिय कार्यक्रम संचालन गर्दा जिल्लाका अन्य पालिका लगायत अन्य निकायबाट खर्चको स्रोत विज्ञापन, टिकट विक्री, अन्य संघ संस्थाबाट जुटाउनु पर्नेमा सो नगरि एउटा पालिकामा मात्र भर परेको पाइयो। साथै पालिकाले यस प्रकारका कार्यक्रममा खर्च गर्दा अन्य विकल्पको समेत ध्यान दिई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३६ **कर समायोजन वेगर धरौटी -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ (२) (क) मा विल विजकको भुक्तानीमा कट्टी गरिएको रिटेन्सन मनि बापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले धरौटी फिर्ता गर्दा विभिन्न फर्मलाई धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन पत्र संलग्न नगरी धरौटी रकम फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,७२,८७४ |

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३७ **पेश्की व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू.१,०४,२२,८२६।०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको व्यक्तीगत पेश्की रू.५०,०००।०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु

| क्र सं | भौ.मिती | योजनाको नाम | निर्माण व्यवसायी | पेश्की रकम |
|---|---|---|---|---|
| | ठेकेदार | | | |
| १ | ७२-०७९/१०/१५ | समपुरक ढल निर्माण | जिवाईईसियल विडिटिएनएस जे.भि | ९५९०८२६ |
| २ | ५८-०८०/३/२१ | विद्यालय कक्षाकोठा निर्माण | आर एण्ड आर निर्माण सेवा | ३३२००० |
| | कर्मचारी | | | |
| ३ | २५३-०७९/११/३ | आर्थिक सहायता | पुष्पराज राई | ५००००० |
| | **जम्मा** | | | **१०४२२८२६** |

| | |
|---|---|
| पेश्की | ५०,००० |

३८ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर सामुदायिक भवन फर्नीचर व्यवस्थापन भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रू.१,१२,१२५।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ४३३-०७९/२/३१ | सामुदायिक भवन फर्नीचर व्यवस्थापन | | २०४८७५० | ३७३७५० | ११२१२५ |
| | **जम्मा** | | | | ११२१२५ |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१२,१२५ |

३९ **अखुवा खोला ट्रस -** अखुवा खोला ट्रस निर्माण कार्य उपभोक्ता समितिमार्फत रू.८,४६,६८६।०० को काम गराई भौ.२८-०८०।१।२७ बाट रू.८,०६,५५३।०० भुक्तानी भएको छ। २८-०८०।१।२७ बाट अगुवा खोला झोलुङ्गे पुलको विमा वापत रू.३८,०२०।०० भुक्तानी भएकोमा फोटोकपी विल संलग्न रहेको पाइएकाले सक्कल विल पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,०२० |

४० **राजश्व संकलन -** वधशाला व्यवस्थापन र वधशाला निर्माण कार्यमा Stone Soiling work ५३.९४ m३ र Fabrication of gabin २०४ m३ गरि जम्मा २५७.९४ घ. मि. को पालिकालाई प्रति घनमिटर रू.२११.६६ का दरले रू.५४,५९५।०० राजश्व नगरपालिका राजश्व खातामा दाखिला गर्नु पर्नेमा रू.१४,२४९।०० गरी रू.४०,१४०।०० बाँकी रहेकोले राजश्व दाखिला गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,१४० |

४१ **विद्यालय भौतिक पूर्वाधार निर्माण -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रू.५,९५,६९५।०० निकासा भएको छ। तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन्। तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु

| | | | |
|---|---|---|---|
| १ | विद्योदय मा.वि | नमुना विद्यालय अनुदान | ५९५६९५ |
| | | **जम्मा** | **५९५६९५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९५,६९५ |

४२ **जनस्वाथ्य चौकी भवन निर्माण -** जनस्वाथ्य चौकी भवन निर्माण वडा नं.४ निर्माण कार्य नाट्यश्वरी निर्माण सेवाले मिति २०८०।३।२२ सम्म रू.७०,६२,४७१।३२ मा सम्पन्न गर्ने गरि मिति २०८०।१।४ मा संझौता भएको थियो। भौ.७१-०८०।३।२४ बाट दोस्रो रनिङ विल मा रू.३१,४५,६३८।०० समेत गरी रू.६०,९७,७१७।०० भुक्तानी भएको छ। मेजरमेन्टबाट दोस्रो रनिङ विलसम्म रू.६०,३१,८१२।४४ कार्य भएको पाइयो। अतः मेजरमेन्टमा भन्दा बढी भुक्तानी भएको रू.५६,९०५।०० संवन्धित निर्माण व्यवसायीसँग असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,९०५ |

४३ **खर्चमा मितव्ययिता -**

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **अनुत्पदक खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजीनिर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ । वितरणमूखी अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सिमित स्रोतसाधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने उल्लेख छ ।यो वर्ष पालिकाले देहाय अनुसारका केही कार्यक्रमहरु सञ्चालनका लागि गरेको भुक्तानी ऐनको उल्लिखित व्यवस्था अनुसार उपलब्धीमुलक भएको देखिएन ।अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादन मुलक क्षेत्रमा परिचालन गर्नु पर्दछ ।

| मिति/ भौचर | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २२-०७९/७/२९ | चर्च भुई प्लाष्टर | ३५००० |
| २३-०७९/७/२९ | कालिका देविस्थान भुई ढलान उ.स | २५००० |
| ३७-०७९/८/२८ | नेवा मिस दबु सामाग्री खरिद | १००००० |
| ५९१ | नौमती बाजा खरिद | ७०००० |
| १५५ पुँजिगत | सिद्धकाली महिला बचत तथा ऋण सहकारी भवन मर्मत | १९३२७१ |
| ३८७ पुँजिगत | डाँडा बोखिम युवाक्लव फर्निचर खरिद | ५०००० |
| २४० पुँजिगत | सामुदायिक भवन मुडे फर्निचर खरिद तथा मर्मत | १५०००० |
| १६५ पुँजिगत | महमिर सामुदायिक भवन निर्माण | २००००० |
| ४२ पुँजिगत | महिला सहकारी फर्नीचर खरिद | २५००० |

सैद्धान्तिक बेरुजु

४६ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश

सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसरी निर्माण कार्यको सम्पुरण रकम निर्माण व्यवसायीलाई भुक्तानी दिनेगरी कामगर्नु नियम सम्मत नदेखिएको रू.

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १७५-०७९/१२/०७ | राङ्ग भाङ्गे देखी लाहाल फेदी हादै चुनढुङ्गा जाने सडक यीगना | बाटो निर्माण | ३८२६९१ | डोजर | ४४०३९८ |
| १९९-०७९/१२/१४ | नामराङ खरवारी टाँडे सडक स्तरोन्नती उ स | बाटो निर्माण | २२०२९१ | डोजर | २२०२९१ |
| | **जम्मा** | | | | **६६०६८९** |

| | |
|---|---|
| अनियमित भएको | ६,६०,६८९ |

४७ **जनश्रमदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रू.

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | उ.लाई हुनु पर्ने भु | उ.भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २५५-०८०/१/१३ | ९ नं. वडा कार्यालय भवन निर्माण | ३६७०६२८.९८ | १७००५५२.३२ | १४.३२ | १४५७०३३.२२ | १४७७८७९ | २०८४७ |
| | **जम्मा** | | | | | | **२०८४७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,८४७ |

४८ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| डि.पि आर | नेत्र प्रेम सामुदायिक अस्पताल | ५००००० | ४९६७४८ |
| सोयल टेष्ट | नेत्र प्रेम सामुदायिक अस्पताल | ५००००० | ४९६७४२ |
| डि पि आर | मिलन चोक नरवाया खुरिया काफ्ले सडक | ५००००० | ४९९७६२ |
| डि पि आर | आहाले मान्द्रे ववखिम हुँदै सिद्धेश्वर सडक | ५००००० | ४९६७१४ |
| डि पि आर | हिले भन्ज्याङ हुँदै धारा सडक विस्तृत परियोजना | ५००००० | ४९६५८६ |
| | **जम्मा** | | **२४८६५५२** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। भू-उपयोग नीति तथा भू वर्गिकरण कार्यक्रमको लागि पालिकाले रू.५ लाख छुट्याएकोमा छेन्चुली इन्जिनियरिङ कन्सल्टेन्सीबाट गराई भौ.४३२-०८०।३।२४ बाट रू.४,९०,४२७।०० भुक्तानी भएको छ। परामर्शको रू.५लाख सम्मको काम गराउँदा टर्म अफ रिफिरेन्स अनुसारको लागत अनुमान तयार गर्नुपर्ने सोही अनुसार कोटेशन माग गरी कम कबोल गर्ने परामर्श दातासँग काम गराउनु पर्नेमा यस कार्यमा लागत अनुमान तयार नगरी, कोटेशन माग वेगर छेन्चुली इन्जिनियरिङ कन्सल्टेन्सीसँगै सोझै काम गरी भुक्तानी दिएको छ। स्रेस्ताको साथ जिन्सी दाखिला प्रतिवेदन समेत संलग्न भएको पाइएन साथै प्रतिवेदन समेत संलग्न रहेको पाइएन।

सैद्धान्तिक बेरुजु

४९ **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू.१,३२,३००।०० समेत रू. ११,५०,०००।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।उक्त फर्मले कर समायोजन विवरण पेश गर्नुपर्ने रू.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्या नं | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४३३-०८०/३/२४ | लड बुद्ध ट्रेड सप्लायर्स | | ११५०००० | १३२३०० | २०७९।m।१० | लागत अनुमान वेगर कोटेशनबाट काम गरेको |
| | **जम्मा** | | | **१३२३००** | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३२,३०० |

५० **दरभाउपत्र वेगर खरिद -** सार्वजनिक खरिद नियमावली,२०६४ नियम ८५ (४)मा एक लाख रुपयै भन्दा बढी रकमो सामान खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तीमा ३ वटा सप्लायर्स सँग लिखित दरभाउ पत्र माग गरि खरिद गर्नु पर्ने व्यवस्था भएता पनि निम्न भौचरबाट निम्नानुसारका सामान खरिदकोटेशन वेगर सोझै खरिद गरेको पाइयो।

| **क्र स** | **भौ मिति** | **सप्लायर्स** | **सामानको नामा** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | ४०६ २०८०।३।२० | सिद्धकाली मार्केट | टेवल कुर्ची सोफा | २०६९३६ |
| २ | ४२४ ०८०।३।२२ | एन्जल फर्निचर उद्योग | लो बेड खरिद | १४५७७० |
| ३ | ३७५ ०८०।३।७ | लाप्का सप्लायर्स | मेसीनरी औजार खरिद | ७६६४२२ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **प्रमाण वेगर भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।प्रशासनिक भवन तल्ला थप रू.७२,३६,९८९।६५ (मु.अ.क समेत) मितिर २०८०।४।३० सम्म समाप्त गर्ने गरी संझौता भएको थियो। गुणस्तर परिक्षणका लागि प्रोभिजनल सममा रू.२५,०००।०० छुट्याएकोमा निर्माण व्यवसायी सजिन निर्माण सेवाले गुणस्तर परिक्षणको विजक छुट्टै हुनु पर्नेमा निजको आफ्नै कर विजकमा समावेश गरी रू.२५,०००।०० भुक्तानी दिएको पाइयो। यसबाट गुणस्तर परिक्षण परिक्षणमा वास्तविक कति खर्च भयो यकिन गर्न नसकिएकोले गुणस्तर परिक्षणको विजक पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००० |

५२ **कार्यालय भवन उपभोक्ता समिति मार्फत संचालन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुहलाईनै हस्तान्तरण गर्नु पर्ने उल्लेख छ । पालिकाका निम्न भवनहरु उपभोक्ता समितिमार्फत निर्माण गरिएको छ । उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनामा कार्य गर्न दिनुपर्ने र हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयलेनै गर्नु पर्ने कार्यहरु पालिका आफैले गर्नु

पर्नेमा नियमावलीमा भएको व्यवस्था प्रतिकुल हुने गरी लाभग्राही समुदय मार्फत कार्य गराउनु नियम सम्मत नदेखिएको रू.

| भौ.मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ४३०-०८०/३/२४ | वडा नं.१२ वडा कार्यालय मर्मत तथा फर्निचर खरिद उ स | वडा नं.१२ वडा कार्यालय मर्मत तथा फर्निचर खरिद | ४७८७०५ | |

| | |
|---|---|
| अनियमित भएको | ४,७८,७०५ |

५३ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रू.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रू.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ ।पालिकाबाट नविकरणिय सौर्य उर्जा खरिद रू. टुक्रा टुक्रा पारि फरक सप्लायर्सबाट खरिद गरेको नियम संवत नदेखिएको रू.

| क्र सं | विवरण | सप्लायर्स | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | नविकरणिय उर्जा | न्यूटक्सार इलेक्टोनिकक्स | ४९७६५२ | ४९४८९४ |
| २ | नविकरणिय उर्जा | लड बुद्ध ट्रेड एण्ड सप्लायर्य | ९९५३०४ | ९८९८८० |
| ३ | नविकरणिय उर्जा | सोलार कन्ष्ट्रक्सन एण्ड इनर्जी प्रा लि | ४९७६५२ | ४९३९२३ |
| ४ | नविकरणिय उर्जा | बोझ्नु कन्ष्ट्रक्सन | ९९३९८२ | ९९३९८२ |
| ५ | नविकरणिय उर्जा | गुरुचेला ट्रेड एण्ड सप्लायर्स | ७४६४७८ | ७४१७३२ |
| ६ | पाइप खरिद | सिद्धकाली सप्लायर्स | ६४८५०९ | ६५८४०९ |
| ७ | पाइप खरिद | एलिसा सप्लायर्स | ९३८६३२ | ९३८६३२ |

| | |
|---|---|
| अनियमित भएको | ३७,१४,४११ |

५४ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ८.४३ देखि २७.१७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको

पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र सं | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Administrative Bulding Story Extension | Bhjmun/W/NCB/४/२० | Sajin Nirman Sewa, Bhojpur | ८९९८७८८.४८ | ७२३६९८९.६५ | १९.५७ |
| २ | Ward Health Clinic Building construction work (Word No. ४) | Bhjmun/W/NCB/७/२० | Natyashwori Nirman Shewa | ९६९८२४३.६ | ७०६२४७१.३२ | २७.१७ |
| ३ | Procurement of Gabion wire fabrication of Gabion Boxes including rolling cutting | Bhjmun/P/SQ/११-२०७९ | Saraswati Hardwares and suppliers | १४५१९२७.९५ | १३२९३९९.८ | ८.४३ |

सैद्धान्तिक बेरुजु

५५ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६ **अधुरो योजना -** लागत अनुमान रू.८१,२४,५४४।८४ (मु.अ.कर) भएको बोखिम स्वास्थ्य चौकि भवन वडा नं.५ निर्माण कार्य निर्माण व्यवासयी उत्तम बुद्ध निर्माण सेवा रू.५९,८६,१५०।५० मिति २०८०।३।२२ मा सम्पन्न गर्ने गरि मिति २०७९।१२।२३ मा संझौता भएको थियो। भौ.७२-२०८०।३।२४ बाट दोस्रो रनिङ विल सम्म रू.४७,०३,३५९।०० भुक्तानी भएको थियो। सैझौताको अवधिमा काम नसकिएको भएपनि लेखापरीक्षण अवधिसम्म अवधि थप गरेको पाइएन। ससर्तको बजेटबाट संचालित योजना भएकोले निर्माण व्यवसायीले पेश गरेको विल मात्र भुक्तानी भइ बाँकी रकम फिर्ता भएको छ। बजेट फिर्ता भएकोले र निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरेकाले (असार मसान्त सम्म ७८.५७%) कार्य भइ (२१.४२%) बाँकी रहेको पाइयो। समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवासायीलाई

सार्वनजिक खरिद नियमावली अनुसार कार्भाइ गरिनु पर्दछ। साथै अधुरो रहेको योजनामा पालिकाले बजेटको व्यवस्था गरी यीजना सम्पन्न गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५७ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १४९२४८८६२ | ७४१४८९८.३ | १५१०३५१८ | ३२५६३७५७.७ | ९४१६६६८७.७ | ५९२२३१९२.४२ |
| प्रतिशत | | ४.९७ | १०.१२ | २१.८२ | ६३.०९ | ३९.६८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१,४९,२४,८८६१.७९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.७४,१४,८९८।३(४.९६ प्रतिशत) खर्च, दोस्रो त्रैमासिकमा रू.१,५१,०३,५१८।०० (१०.१२ प्रतिशत) खर्च, तेस्रो त्रैमासिकमा रू.३,२५,६३,७५७।७ (२१.८२ प्रतिशत) खर्च र चौथो त्रैमासिकमा रू.९,४१,६६,६८७।७ (६३.०९ प्रतिशत) खर्च, देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **एम्बुलेन्स -** भोजपुर नगरपालिका एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८० को बुँदा न.६ मा नगर क्षत्रभित्रका स्थायी बासी गर्भवती महिला, ७० वर्ष माथिका स्थायी बासिन्दा र पुँर्ण अपाङ्गलाई निशुल्क व्यवस्था गरेकोछ। एम्बुलेन्स वर्ष भरि संचालन गर्दा रू.१,५४,०००।०० राजश्व संकलन गरेको छ भने एम्बुलेन्सको मर्मत, इन्धन तथा चालकको तलब समेत गरी रू. ६,०१,२००।०० खर्च भएको छ। एम्वुलेन्स संचालन गर्दा आम्दानीको तुलनामा रू.४,४७,२००।०० बढी खर्च भएको छ। अतः एम्बुलेन्स संचालन गर्दा आम्दानीबाट खर्च चल्ने गरी आम्दानी बढाउनु पर्ने तथा शुल्क निर्धारण गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६० **मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९। ८० मा पालिकाले मनोरञ्जन कर राजस्व असुली शुन्य देखियो । यस पालीकाको क्षेत्रभित्र उठ्नुपर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

६२ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.२३,०९,५६१।४९ कर सङ्कलन गरेको पाइयो। पालिकाको उपलब्ध गराएको विवरण अनुसार जम्मा कर दाता ८११ करदाता भएकोमा यस वर्ष ३०० व्यसायिले मात्र व्यवसाय कर तिरेको तर ५११ व्यवसायीले व्यवसाय नविकरण गरेको पाइएन। क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन्। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६३ **गिट्टी, ढुंगा, बालुवाको कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा दहत्तर वहत्तर विक्रिगर्ने व्यवस्था छ। पालिकाले पालिकाको क्षेत्राधिकार भित्रको २ वटा क्षेत्र पिखुवा खोला सोतिवगर घट्टेखोला शेराखोला र सोरेङ खोला दोभान क्षेत्र, नखुका खोला दोभान क्षेत्रको बोलपत्रको सुचनामा एकमुष्ट रकम बुझाएमा ७ प्रतिशत छुट दिने उल्लेख गरे बमोजिम छुट दिएको पाइयो। यसरी छुट दिदा न्यूनतम कबोल अंकमा नघट्ने गरी बढाबढमा ठेक्कालगाई बढी कबोल गर्दा छुट दिनु पर्नेमा छुट दिदा न्यूनतम कायम रकम भन्दा कम नहुने गरी छुट दिनु पर्नेमा न्यूनतम कायम भन्दा कममा संझौता गरेको पाइयो। अतः छुटको व्यवस्था गर्दा न्यूनतम कायम अंक बाट नघट्ने गरी छुटको व्यवस्था गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६४ **गिट्टी, ढुंगा, बालुवाको कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालकाले आफ्नो क्षेत्राधिकार भित्रको ढुङ्गा गिटी वालुवा स्लेट आदी वातावरणिय मुल्याङ्कन गरि विक्रि गर्न पाउने व्यवस्था बमोजिम पिखुवा खोला - सेतीवगर- घट्ट्खोला शेराखोला मम्लाखा क्षेत्र दहत्तर वहत्तर उत्खननकोलागी पुर्ण सप्लायर्सल कबोल अंक मु.अकर र अग्रिमकर समेत रू.४,३९,०५६।८० बुझाउने गरी मिति २०७९।६।९ मा संझौता रू.४,३९,०५६।८० र बढि थप उत्खनन गरेको ३३० घ. मि. को मु अ कर र अग्रीमक र समेत रू.७४,५५२।०९ पालिकामा बुझाएकोमा मु.अ.कर रू.६१,५५९।६८ र अग्रिम कर रू.७,१०३।०३ पुर्ण सप्लायर्सले सो रकम नगरपालिकामा बुझाएकोमा नगरपालिकाले राजश्व दाखिला नगरेकोले मु.अ.कर र अग्रिमकर गरी रू.६८,६६२।७१ राजश्व दाखिला प्रमाण पेश गर्नु पर्ने रू.

| प्रमाण पेश नगरेको | ६८,६६२।७१ |
|---|---|

६५ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.२२४७९९४०।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.२०७९५४८९।०४ अर्थात अनुमान भन्दा ७.५० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६६ **हटिया ठेक्का -** नगरपालिकाको क्षेत्राधिकारमा रहेको हटिया ठेक्का लगाई आम्दानी बढाउनु पर्नेमा ठेक्का लगाइ वा वाहलमा लगाइ राजश्व उठाउनु पर्नेमा टहरा वनाइ निशुल्क कृषक तथा व्यपारीहरुलाई उपलब्ध गराएको पाइएकाले ठक्का/भाडा मा लगाई राजश्व उठाउन पालिकाको ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६७ **क्यान्टिन संचालन -** नगरपालिका भवनमा भित्र पालिकामा कार्यरत कर्मचारी तथा सेवा ग्राहिहरुको सहजताकालागि क्यान्टिन संचालनमा ल्याएको पाइयो।क्यान्टिन संचालनमा ल्याउँदा सार्वजनिक खरिद ऐन नयमअनुसार ठेक्का लगाउनु पर्ने/भाडा /राजश्व संकलन गर्नु पर्नेमा सो वेगर संचालन गरेको पाइएकाले भाडा/राजश्व नियमानुसार संकलन गर्नेतर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

६८ **आन्तरिक संचालन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५३४५२२७९८.६ | २०७९५४८९ | ३.८९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.८९ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६९ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५३४५२२७९८.६ | २०७९५४८९ | ३.८९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.८९ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

७० **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३५५९९४० | २९९९१४३.६९ | ३९.२१ |
| घरजग्गा वहाल कर | १८७०००० | २१६९६८१.३२ | २८.३७ |
| व्यवसाय कर | २७५०००० | २३०९५६१.४९ | ३०.२ |

| | | | |
|---|---|---|---|
| वहाल विरौटी शुल्क | २५०००० | १७०२०० | २.२३ |
| जम्मा | ८४२९९४० | ७६४८५८६.५ | १०० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७१ **गतविगत वर्षको भुक्तानी दिन बाँकी -** पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी भुक्तानी दिएको छ। SIP तर्फको आ.व.२०७७।७८ को फिर्ता गर्न बाँकी निवेदनमा लेखी GEOCE-TMS-AVIYAAN J/V SIP PHASE लाई रू.१,५४,६९५।६८ भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,५४,६९५ |

७२ **न्यायिक समितिको बैठक -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७५ दफा ६ को अनुसूची ३ वमोजिम न्याय समितिको बैठकमा १ महिनामा बढीमा ४ पटक मात्र बैठक भत्ता पाउने व्यवस्था छ। नगरपालिकाको हकमा बैठकमा भाग लिने संयोजकले प्रति बैठक रू.१,४००।०० र सदस्यले प्रति बैठक रू.१,२००।०० दिनुपर्ने व्यवस्था छ। नगर उप-प्रमुखले न्यायीक समितिको संयोजकको रुपमा कार्य गर्दा प्रति बैठक रू.१,४००।०० दरले वर्षभरीमा ४८ बैठकमा रू.६७,२००।०० भुक्तानी हुनपर्नेमा रू.७६,८००।०० भुक्तानी गरेकोले सुविधामा भएको बैठक भत्ता भन्दा बढी भत्ता रू.९,६००।०० भुक्तानी भएकोले कर पछिको रू.८,१६०।०० सम्बन्धितसंग असुल गरी पालिकाको खातामा जम्मा गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१६० |

७३ **कानूनी सल्लाहकार -** कोशी प्रदेश खर्च मापदण्ड निर्देशिका,२०७९ सेवा परामर्शमा कानूनी सल्लाहकार सम्बन्धि कुनै पनि व्यवस्था नदेखिएकोमा कार्यपालिकाको निर्णय अनुसार अधिवक्ता भिषम श्रेष्ठलाई विभिन्न मद्दाहरुमा कानूनी सल्लाह दिए वापत मासिक रू.४०,०००।०० का दरले १२ महिना रू.४,८०,०००।०० भुक्तानी गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ वमोजिम दर्ता प्रमाण पत्र प्राप्तबाट नगरेकोले अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४,८०,००० |

७४ **सोधभर्ना -** पालिकाले खर्चका विल भर्पाई लिइ सम्बन्धित पार्टीलाई भुक्तानी दिनु पर्नेमा कर्मचारी मार्फत काम गराई यस बर्ष रू.१०,८२,२९८।०० सोधभर्ना दिएको पाइयो। अतः सम्बन्धित पार्टीलाई भुक्तानी गर्ने तर्फ पालिकाको ध्यान दिनुपर्दछ।

| गो.भौ.नं.।मिति | खर्च विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४०।०७९।६।१२ | २०७९ भाद्र ३ र ४ गते कृष्णाष्मी भनि विल मात्र राखि सो भा | वडा सचिव खड्ग बहादुर तामाङ्ग | १२०००० |
| ८५।०७९।७।२९ | गाडी भाडा र मर्मत भनी निवेदन मार्फत | दिपक शाक्य | २५५३२ |
| ९८।०७९।७।२९ | निवेदनमा पदाधिकारीको बैठक खाजा भनी विल मात्र पेश । | स.क.अ अजित दर्जी | ३५९७० |
| १०९।०७९।८।१८ | खाजा विल मात्र राखि सो भ | देवि सिंह तामाङ्ग | २४०६५ |
| १६२।०७९।९।११ | खेलकुद सामाग्री खरिदको विल मात्र । | वडा सचिव विक्रम रुम्बा | १३४६५० |
| १८१।०७९।९।२५ | आप्रवासी श्रोत केन्द्र संचालन खर्च भनी विल मात्र पेश । | सू.अ.खगेन्द्र खड्का | १००९४० |
| २१३।०७९।१०।१५ | विभिन्न विल पेश गरी भुक्तानी । | अर्जुन तामाङ्ग | १३५५०१ |
| २३५।०७९।१०।२३ | खाजा,खाना को विल राखी सो.भा. | तिल विक्रम राई | ९७९६० |
| २७५।०७९।११।१४ | सामान खरिदको विल पेश । | वडा सचिव अविनाश राई | ६०००० |
| २८६।०७९।११।१४ | पत्रिका वापत सोधभर्ना । | सू.अ.खगेन्द्र खड्का | ७५००० |
| ५९०।०८०।३।१२ | सामान खरिदको विल मात्र । | अजित दर्जी | ४५५३० |
| ५९९।०८०।३।१३ | अतिथि सत्कार तथा मसलन्द सामाग्री खरिद। | सविता राई | १२७१५० |
| ६१४।०८०।३।१८ | पाईप खरिदको विल मात्र । | शरण बहादुर भण्डारी | १००००० |
| | **जम्मा** | | **१०८२२९८** |

सैद्धान्तिक बेरुजु

७५ **सवारी मर्मत खर्च -** PAMS भएको म.ले.पा फारम ४१४ मा मर्मत सम्भार तथा संरक्षण आवेदन फारम र म.ले.पा फारम नं.४१५ मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता राखि मर्मत गर्नु पर्ने र त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ (संशोधन सहित २०७७) को नियम ८५ मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा ३ वटा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने र एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी १० लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्न नसकिने व्यवस्था छ ।पालिकाले मर्मत अभिलेख खाता र मर्मत आदेश वेगर मर्मत र ३ वटा सेवा प्रदायकसंग दरभाउपत्र वा प्रस्ताव माग

नगरी सोझै निम्मानुसारका गाडी मर्मत वापत रू.१८,७९,४१०।०० खर्च लेखेकोले यस प्रकारको खर्चमा नियन्त्रण गरिनु पर्दछ।

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | गाडी नम्बर | रकम | कैफियत |
|---|---|---|---|---|
| ६७८।०८०।३।२३ | ईष्टन अटो प्वाईन्ट आशिष सर्भिस सेन्टर | बा.१झ ९८०३ | १८६३०३ | कोटेशन समेत नभएको,मर्मत आदेश र मर्मत अभिलेख खाता नराखी भुक्तानी । |
| १९७।०७९।९।२८ | न्यू विराट टायर सेन्टर | को १ झ ६३० र को १झ५१० | ३१४३४८ | कोटेशन समेत नभएको,मर्मत आदेश र मर्मत अभिलेख खाता नराखी भुक्तानी । |
| | सप्तकोशी सप्लायर्स | नखुलेको | ३५७४४२ | गाडी नम्बर नखुलाई सोझै भुक्तानी । |
| २००।०७९।९।२९ | सृजना अटो सर्भिस | बा.१झ९८०३ | ४२८१६८ | कोटेशन समेत नभएको,मर्मत आदेश र मर्मत अभिलेख खाता नराखी भुक्तानी । |
| ३५०।०७९।१२।१३ | कल्पवृक्ष मोटर पार्टस | नखुलेको | १०८८५० | १० टुक्रा मर्मत विल |
| ३५५।०७९।१२।१३ | सुनसरी अटोमोबाईल | नखुलेको | ४८४२९९ | गाडीको विभिन्न सामान खरिद गरेको विल,जिन्सी दाखिला नभएको । |
| | **जम्मा** | | **१८७९४१०** | |

अनियमित भएको

७६ **ईन्धन खर्च -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७५ वमोजिम पदाधिकारीले नगद यातायात खर्च पाएमा ईन्धन खर्च नपाउने व्यस्था छ ।पालिकामा नगर प्रमुख बाहेक ५७ जना पदाधिकारीले यातायात सुविधा वापत रू.१७,८८,०००।०० नगद भुक्तानी भएको देखियो । पालिकामा कुल ईन्धन खर्च रू.९७,२६,९६७।०० मा कार्यालय प्रयोजनका लागि ईन्धन रू.६०,२६,९६७।०० र पदाधिकारी ईन्धन रू.३७,००,०००।०० खर्च भएको देखियो ।यसरी खर्चमा मितव्यिता कार्यम गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **पारिश्रमिक कर कट्टी नगरेको -** आयकर ऐन, २०५८को दफा ८७ को अनुसुची १ बमोजिम कर योग्य आय हुने पदाधिकारी तथा कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर गणना गरी अग्रिम कर कट्टा गर्नुपर्ने उल्लेख छ।मिति २०७८ श्रावण महिना देखि २०७९ आषाढ महिनासम्मको तलब भत्ता भुक्तानी गर्दा घटी पारिश्रमिक कर कट्टा गरेको पाइयो। निम्नानुसार वार्षिक आयमा छुट पाउने खर्च कटाई लाग्ने पारिश्रमिक कर असुल गरी राजश्व दाखिला गर्नुपर्ने रू.

| कर्मचारीको नाम | कुल वार्षिक आय | कुल छुट | करयोग्य आय | कर रकम | कट्टी रकम | नपुग कर |
|---|---|---|---|---|---|---|
| अधिकृत छैठो मुकुन्द राई | ७७८२७९ | ७२६९७६ | ५१३०३ | ५१३०।३ | ० | ५१३१ |
| अधिकृत छैठो सुरेन्द्र राई | ८५६४७३ | ७७२३९२ | ८४०८१ | ८४०८।१ | ० | ८४०९ |
| **जम्मा** | | | | | | **१३५४०** |

| असुल गर्नुपर्ने | १३,५४० |
|---|---|

७८ **गैर सरकारी संस्थालाई भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ वमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्नेछ, सार्वजनिक निकायले १० लाख सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखि प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई १५ दिन भित्र राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ। वाल निर्माण वापत बाघभैयारुङ्ग आमैया सेवा समाजलाई भौ नं २७६-२०८०-११-१२ बाट रू.२,९१,०००।०० भुक्तानी गरेको देखिएकोले गैरसरकारी संस्थालाई मौजुदा सूचीमा समावेश नगरी सोझै भुक्तानी दिएकोले पालिकालाई बढी व्यायभार पारेको रू.

| अनियमित भएको | २,९१,००० |
|---|---|

७९ **स्वयम् सेवक शिक्षक -** स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहका सामुदायीक विद्यालयमा रहेका शिक्षकहरुको तलब भत्ता शर्शत शिक्षा तर्फ वजेट व्यवस्था गरी स्वीकृत दरवन्दी अनुसार खर्च गर्नु पर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष आन्तरिक तर्फबाट निम्नानुसारका विद्यालयहरुमा स्वयंसेवक शिक्षकको तलब भत्ता स्वीकृत दरबन्दी वेगर रू.१,३२,०००।०० भुक्तानी गरेकोले प्रमाणसहित अनियमित देखिएको रू.

| गो.भौ.नं ।मिति | विद्यालयको नाम | शिक्षक संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| ४७६।०८०।२।१४ | बालकन्या प्रा.वि. | नखुलेको | १३२००० | शिक्षकले बुझेको भरपाई र काम गरेको हाजिरी समेत पेश नभएको । |

| अनियमित भएको | १,३२,००० |
|---|---|

८० **वडा संचालन खर्च -** पालिकाले वडा कार्यालय संचालन खर्च भनी वार्षिक योजना तथा कार्यक्रममा नरहेको शिर्षकमा आर्थिक वर्षको अन्त्यमा एकमुष्ट विल लिई मर्मत, ईन्धन, विविध चिया, खाजा र अन्य खर्चको वडा सचिवलाई सोधभर्ना गरेको देखियो। वडालाई वजेट खर्च गर्ने अख्तियारी नभएको अवस्थामा यस्ता खर्च गाउँपालिकाको विविध, मर्मत र कार्यालय संचालन शिर्षकबाट पनि भएको, वडामा खर्च भएको जिन्सी अभिलेख नरहेको, हुँदा यस्तो खर्च वास्तविक नभई दुरुपयोग

समेत हुने हुँदा यस्तो खर्चलाई नियन्त्रण गरिनु पर्दछ।पालिकाले वडाहरु संचालन गर्नका लागि विलका आधारमा रू.२५,९८,६२२।०० खर्च भएको छ।यस्तो खर्चलाई नियन्त्रण गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८१ **भुक्तानीमा कर कट्टी नगरेको -** आयकर ऐन,२०५८ को दफा ८८(१) अनुसार नेपालमा श्रोत भएको व्यक्तिलाई सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकम १५ प्रतिशत अग्रिम कर तिर्नु पर्ने व्यवस्था छ ।पालिकाले नापि विभागबाट डिजिटालाईजेशन डाटा खरिद वापत निम्नानुसार भुक्तानीमा अग्रिम कर १ प्रतिशत कट्टी भुक्तानी गरेकोले नपुग कर कट्टी गरी असुल उपर गर्नु पर्ने रू.

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | भुक्तानी रकम | कर कट्टी रकम | हुनुपर्ने कर | नपुग कर |
|---|---|---|---|---|---|
| ४२९।०८०।१।१२ | दिवस श्रेष्ठ | १५००० | १५० | २२५० | २१०० |
| | समिर राई | १५००० | १५० | २२५० | २१०० |
| ३२७।०७९।१२।७ | हिमाल राई | १५००० | १५० | २२५० | २१०० |
| | प्रेम सिंह तामाङ्ग | १५००० | १५० | २२५० | २१०० |
| | हरि कुमार राई | १५००० | १५० | २२५० | २१०० |
| | संतोष श्रोष्ठ | १५००० | १५० | २२५० | २१०० |
| | सुजन खत्री | १५००० | १५० | २२५० | २१०० |
| | पुष्कर कार्की | १५००० | १५० | २२५० | २१०० |
| | सुमित्रा महत | १५००० | १५० | २२५० | २१०० |
| | कोपिला राई | १५००० | १५० | २२५० | २१०० |
| | अनिशा बुडाथोकी | १५००० | १५० | २२५० | २१०० |
| | देविका श्रेष्ठ | १५००० | १५० | २२५० | २१०० |
| | सुसन राई | १५००० | १५० | २२५० | २१०० |
| | मिन बहादुर श्रेष्ठ | १५००० | १५० | २२५० | २१०० |
| | **जम्मा** | | | | **२९४००** |

| असुल गर्नुपर्ने | २९,४०० |
|---|---|

८२ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।

पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी रू.६१३४४५१।०० भुक्तानी दिएको छ। गतवर्षको भुक्तानीको दायित्व सृजना नहुने गरी पालिकाले कार्य गरी सोहि आ.ब.मा भुक्तानी दिने तर्फ ध्यान दिनु पर्दछ।

| गो.भौ.नं. | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| ४६-०७९।६।१२ | प्रविण कलेक्सन एण्ड सप्लायर्स ज्ञान श्रेष्ठ | ५७४०० | गत वर्षको कोठा मर्मत वापत |
| २७-०७९।६।१२ | ज्ञान श्रेष्ठ | १८९०५ | भवनको कलर प्रिन्ट वापत |
| | नारायण नेपाल | १०५४६६ | कलर प्रिन्टर वापत |
| २२-०७९।६।११ | नगरप्रमुख सहित ५४ | २०३२२८० | २०७९ जेष्ठ ६ असार मसान्त सम्म पदाधिकारीको सुविधा |
| ५१-०७९।६।१२ | आदिबारा प्रिन्टिङ प्रेस | ९६२७६ | सासु नवीकरण फारम खरिद |
| | बुद्ध सप्लायर्स | १४२२८९ | त्रिपाल खरिद (विजक न ४८९-०७९।२।३१) गत वर्ष |
| ५६-०७९।६।१३ | न्यू टक्सार इलेक्ट्रोनिक्स | १६९७२७ | मोबाइल हिटर र कार्यालय समाज खरिद गरी गत वर्षको भुक्तानी। |
| ५७-०७९।६।१३ | न्यू टक्सार इलेक्ट्रोनिक्स | ६९८०० | मोबाइल हिटर र कार्यालय समाज खरिद गरी गत वर्षको भुक्तानी। |
| ५९-०७९।६।१३ | न्यू टक्सार इलेक्ट्रोनिक्स | १०२०२२ | कार्यालय सामान खरिद |
| | गुरुचेला ट्रेड एण्ड सप्लायर्स | ६६६७७ | कार्यालय सामान खरिद |
| | भोजपुर अफसेट प्रेस | ७६०४३ | कार्यालय सामान खरिद |
| ६०-०७९।६।१३ | लाक्पा सप्लायर्स एण्ड प्रिन्टिङ प्रेस | ४८३६९८ | कार्यालय सामान सोझै खरिद कोटेशन समेत माग नगरेको |
| | लर्ड बुद्ध ट्रेड एण्ड सप्लायर्स | ६२२५१० | कार्यालय सामान सोझै खरिद कोटेशन समेत माग नगरेको |
| | न्यू टक्सार इलेक्ट्रोनिक्स | १००००० | कार्यालय सामान सोझै खरिद कोटेशन समेत माग नगरेको |
| | गुरुचेला ट्रेड एण्ड सप्लायर्स | ७१९७३ | कार्यालय सामान सोझै खरिद कोटेशन समेत माग नगरेको |
| ७२-०७९।७।२० | पि.डि.एण्ड ए.के.सि. सप्लायर्स | १८९६२९ | कार्यालय सामान सोझै खरिद कोटेशन समेत माग नगरेको |
| | चिनो फर्निचर उद्योग | १८६४३५ | २ टुक्रा सामान राखी कार्यालय सामान सोझै खरिद कोटेशन समेत माग नगरेको |

| | | | |
|---|---|---|---|
| ७५-०७९।७।२० | शुभ श्री मुभिज सेन्टर | २३६९५१ | कार्यालय सामान सोझै खरिद कोटेशन समेत माग नगरेको |
| | उर्मिला औजार उद्योग | ९३५७५ | कार्यालय सामान सोझै खरिद कोटेशन समेत माग नगरेको |
| ९९-०७९।७।२८ | शुभ लक्ष्मी इम्पोरियम एण्ड सप्लायर्स | ४६११७ | भाडा पसल सामान २ टुक्रा खरिद |
| | शुभलाभ मेटल सप्लायर्स | २०३८९ | कार्यालय समान २ टुक्रा विल |
| | न्यू टक्सार इलेक्ट्रोनिक्स | १२३६५१ | इलेक्ट्रोनिक्स सामान २ टुक्राविल |
| | न्यू सिंह साहिनी | ४९३०१ | रेनकोट सामान वापत ३ टुक्रा विल |
| | अजित दर्जी | ६५७३९ | रेनकोट सामान वापत ३ टुक्रा विल |
| | आकांक्षा स्टोर्स | २०४४६१ | खेलकुद समाग्री खरिद गर्न १२ टुक्रा विल |
| | जनकेश्वरी राई | ३७७७४ | खेलकुद समाग्री खरिद गर्न १२ टुक्रा विल |
| १०२-७।८ | ६ वटा सप्लायर्स | ३०१५०३ | आव २०७८।७९ को मसलन्द तथा कार्यालय सामाग्री खरिदको विल । |
| ३८२-१२।२३ | सिद्धकाली मिनी मार्केट | ३६३८६० | गत वर्षको पलङ र घरायसी सामान ५ टुक्रा विल पेश गरी भुक्तानी |
| | **जम्मा** | **६१३४४५१** | |

सैद्धान्तिक बेरुजु

८३ **व्यवसायक कर भुक्तानी -** गत आर्थिक वर्षमा संकलन भएको जम्मा व्यवसाय कर रकममध्ये १५ प्रतिशतले आउने रकम रू.३२९९४०।उद्योग वाणिज्य संघ भोजपुरलाई भौ नं १३६-२०७९-८-२९ भुक्तानी गरेको देखियो।कुन कार्यलाई के आधारमा उद्योग वाणिज्य संघलाई दिएको खुल्न आएन।कार्यालयको भनाई अनुसार उद्योग वाणिज्य संघले कार्यालय संचालनमा सो रकम प्रयोग गर्ने गरेको भनाई छ।जनताहरुका लागि प्रयोग हुनुपर्ने राजश्व रकम कार्यपालिकाले निर्णय गरी उद्योग वाणिज्य संघलाई दिनु उचित नदेखिएको हुँदा सो रकम भुक्तानी दिन रोक्नुपर्ने देखिएकोले भुक्तानी भएको रकम पालिकालाई फिर्ता गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२९,९४० |

८४ **सुरक्षित नागरिक आवास कार्यक्रम -** आवासको अधिकार सम्वन्धि ऐन, २०७५ वमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवास अधिकारको संरक्षण तथा परिपूर्ति गर्न गरिवीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्रीको खरिदको लागि पराल वा खरको छाना विस्थापित गरी जस्तापाताको छानामुनी ल्याउने कार्यक्रम अन्तर्गत यो कार्यक्रम कार्यान्वयन गरेको देखिन्छ र कार्यक्रम संचालनको लागि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ लागु छ। सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ६ मा किस्ता वमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलव्ध गराएको मितिले तीन महिनाभित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुलउपर गर्नुपर्ने व्यवस्था छ।यस पालिकाभित्र २३९ जना लाभग्राही छनोट भइ प्रथम किस्ता बापत रु ३०,०००।०० लगेका २२७ लाभग्राही मध्ये २०० जना लाभग्राहीले दोश्रो किस्ता वापतको रकम रु २०,०००।०० समेत बुझेको पालिकाले उपलब्ध गराएको विवरणमा उल्लेख छ।बाँकी २७ जनाले प्रथम किस्ता वमोजिमको गर्नुपर्ने कार्य प्रगति गरेको नदेखिएकोले लाभग्राहीले कार्य सम्पन्नको प्रमाण पेश गर्नुपर्ने अन्यथा अनुदान रकम स्थानीय तहले असूल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१०,००० |

८५ **कृषि तथा पशु बिमा -** नेपाल सरकारले कृषकहरुलाई सम्भावित क्षति हुनबाट जोगाउनका लागि कृषि तथा पशुमा बिमा गर्ने कार्यक्रमलाई उच्च महत्व दिएको पाइन्छ । पालिकाबाट यस वर्ष दिएको कृषि तथा पशुपन्छीको अनुदानमा बिमा कार्यक्रमलाई अनिवार्य गर्नुको साटो वेवास्ता गरेको पाइयो । पालिकाले कृषकहरुलाई हुने कृषि तथा पशुपन्छीको सम्भावित जोखिम न्यूनिकरण गर्नका लागि कृषि तथा पशुपन्छीको अनिवार्य बिमा गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८६ **अपाङगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम -** अपाङगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम (सन्चालन ) मार्गदर्शन २०७७ को परिच्छेद २ को व्यवस्थाअनुसार स्थानिय तहले प्रत्येक आर्थिक बर्षका लागी अनुसुची ३ बमोनिमको ढाँचामा बार्षिक प्रतिबेदन भाद्र मसान्तसम्म प्रथम दोश्रो र तेस्रो चौमासिकको प्रतिबेदन क्रमशः मंसिर १० चैत्र १० र श्रावण १० गते सम्ममा सामजिक विकास मन्त्रालय र करुणा फाउण्डेसन नेपालमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पठाएको पाइएन । कार्यविधमा उल्लेख भएबमोजिमको कार्यक्रमको प्रगति तथा आर्थिक प्रतिवेदन तोकिएको समयभित्र सम्बन्धित निकायलाइ पठाइ कार्यक्रम कार्यान्वयन र खर्च रकमको प्रभावकारिता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सिढि निर्माण तथा वाटो सोलिङ सिञ्चाई कुलो निर्माण सडक मर्मत लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९२ जनालाई रोजगारी उपलव्ध गराई अधिकतम १०० दिनको श्रमिकको पारिश्रमिकमा रू. ४९ लाख ९५ हजार खर्च गरेको छ।लक्षित वर्गलाई न्युनतम १०० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको

देखिन्छ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८८ **प्रमाण पेश गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चलाइ पुष्ट्याई गर्ने प्रमाण काजगात समेतको लेखा राख्नुपर्ने उल्लेख छ।पालिकाबाट भौ.४२७-२०८०।३।२४ बाट मल्टी टेक सप्लायर्स बाट रू.४,९८,८९५।०० को चिलिङ म्याट ५०० लि. को १ थान खरिद गरि राखेको तर वितरण गरेको पाइएन। जुन सामान जे उदेश्यले खरिद गरिएकोहो सोही प्रयोजनमा ल्याउनु पर्दछ।चिलिङ भ्याट खरिद कृषक सहकारी, दुग्घ संकलन केन्द्रलाई लागत सहभागिताको आधारमा हस्तान्तरण गर्नु पर्नेमा सामान खरिद गरी स्टोर दाखिला गरि राखेको पाइयो।अतः पालिकाले लागत सझेदारी हुने गरी संवन्धित संस्थालाइ हस्तान्तरण गरेको प्रमाण पेश गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९८,८९५ |

८९ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चलाइ पुष्ट्याई गर्ने प्रमाण काजगात समेतको लेखा राख्नुपर्ने उल्लेख छ।विद्योदय मा. वि. (नमुना विद्यालय) निर्माण कार्य अन्तर्गत नमुना विद्यालयको भवन निर्माणमा पटक पटक गरी रू.६७,९०,०००।०० भुक्तानी हुनुपर्नेमा रू. ६८,४२,६६५।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रू.५२,६६५।०० संघिय बेरुजु खातामा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,६६५ |

९० **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषि, पशुमा रू.२६७१०००।०० तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजीमा रू.३,५०,०००।०० गरी रू.३०,२१,०००।०० अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९१ **कम्प्युटर तालिम -** भौ.४२०-२०८०।३।२३ बाट महिला क्षमता कम्प्युटर तालिम माइक्रोसफ्ट कम्युटर इन्स्टिच्युट बाट मिति २०७९।१२।१७-२०८०।२।३० सम्म संचालन गरी रू.१,२९,२००।०० भुक्तानी भएको छ। इन्स्टिच्युटलाई रकम भुक्तानी गर्दा महिला सहभागिको छनोट प्रकृया स्पस्ट हुने गरि उल्लेख तथा प्रमाण संलग्न हुनु पर्ने साथै प्रमाण पत्र समेत संलग्न हुनु पर्नेमा सो भौचरको साथ संलग्न भएको नपाइएकाले छनोट प्रकृया स्पष्ट हुने गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९२ **सेनेटरी प्याड खरिद -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.२३ बमोजिम कक्षा ६ देखि १२ सम्मका सबै छात्राहरुलाई निशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले कोटेशनबाट १४४९२ प्याकेट सेनिटरीप्याड खरिद गरी एपी सप्लायर्सलाइ रू.१४,३२,८९६।०० भुक्तानी गरेको छ ।खरिद कार्यका लागी कोटेशन माग गर्दा स्पेशिफिकेसन नखुलाइ माग गरेको तथा छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ । कक्षा ६ देखि १२ सम्मका छात्रा र ६ कक्षा भन्दा तल्लो कक्षामा माग भए बमोजिम विद्यार्थी संख्या विद्यालयसंग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन । यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९३ **शिक्षक दरबन्दी र पदपुर्ती -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| बिधालय संङख्या | शिक्षक दरबन्दी | स्थायी पदपुर्ती | करार पदपुर्ती | विद्यार्थी संङख्या |
|---|---|---|---|---|
| ४५ | २६७ | १९० | ७६ | ७२९३ |

यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।

- ४५ विद्यालयमा २६७ शिक्षक दरबन्दी रहेकोमा १९० पदमा स्थायी पदपुर्ती भएको, ७६ जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।

- विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालय बाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९४ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्नानुसा ७ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रकममध्ये निम्नानुसार रकम बैङ्कमा बाँकी रहेको देखिन्छ। सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,०६४ |

९५ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमै रकम फिर्ता गर्नुपर्नेमा आर्थिक वर्ष २०७९।८० मा वडा १ र २ सिटिजन्स बैंक लिमिटेडलाई पहिलो, दोश्रो, तेस्रो र चौथो किस्ता वापत रू.१,१३,६८,५१८।०० निकासा भई बाँकी रू.१३३४।०० फिर्ता गर्नुपर्ने । वडा नं.३ र ६ सामाजिक सुरक्षा भत्ता वितरण गर्न एन एम बी . बैंकलाई पहिलो,दोश्रो,तेश्रो र चौथो किस्ता वापत रू.१,६१,४६,९१५।०० निकासा भई रू.१२,०००।०० फिर्ता गर्न बाँकी। वडा नं.४ सामाजिक सुरक्षा भत्ता वितरण गर्न माछापुछ्रे बैंकलाई पहिलो,दोश्रो तेश्रो र चौथो किस्ता वापत रू.१,०३,४४,८३५। निकासा भई फिर्ता गर्न बाँकि नभएको। वडा नं.५ र ७ सामाजिक सुरक्षा भत्ता वितरण गर्न लक्ष्मी बैंकलाई पहिलो,दोश्रो,तेस्रो र चौथो किस्ता वापत रू.२०,६९,०२३।०० निकासा भई र गरी बाँकी रू. ० फिर्ता रकम र वडा नं.८,९ र १० सामाजिक सुरक्षा भत्ता वितरण गर्न एन आई एम बी बैंक लिमिटेडलाई पहिलो, दोस्रो,तेश्रो र चौथो किस्ता वापत रू. १,८७,१८,८६२।०० निकासा गरी फिर्ता गर्न बाँकि रु ० ।वडा नं ११ सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रभु बैंकलाई मा पहिलो, दोस्रो, तेस्रो र चौथो किस्ता वापत रु ११,००,८८५।०० निकासा भइ फिर्ता गर्न बाँकी ० रहेको । वडा १२ मा सामाजिक सुरक्षा वितरण गर्न राष्ट्रिय वाणिज्य बैंकलाई मा पहिलो, दोस्रो, तेस्रो र चौथो किस्ता वापत रु १,६९,८२,१८८।०० निकासा भइ फिर्ता गर्न बाँकी ० रहेको र कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता गरेकोले कार्यविधि अनुसार समयमै फिर्ता गर्नुपर्ने र लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरण गरेको बैंक स्टेटमेन्ट पेश नभएकोले बैंकले पेश गरेको चिठी सत्य तथ्य छ भन्ने एकिन गर्ने आधार नभएकोले कार्यालयले यस सम्बन्धमा चौमासिक रुपमा बैंक स्टेमेन्ट लिई वितरण रकम एकिन गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान** : भोजपुर नगरपालिका, भोजपुर , भोजपुर नगरपालिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम प्रसाद ढुङ्गेल | २०७८-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण -**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२२१,२९४ | ६,७८५,७०१ | ४,५७१,०७०.७१ | ० | ० | ५०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रू.** | | | | | १२,६२८,०६५.७१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रू.** | | | | | १२,६२८,०६५.७१ |

स्थानीय तह -

| गत बर्षको जिम्मेवारी | | ५७९३३०३१.७४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १०९५०३६५७.५ | चालु खर्च | ५४७८५८३७८.९३ |
| प्रदेश सरकारबाट अनुदान | ४६१२३३२७९.८३ | पूँजीगत खर्च | १४९२४८८६१.७९ |
| राजश्व बाँडफाँट | ८७९२७०१६.२४ | वित्तीय/अन्य व्यवस्था | १०१२५०१५.३६ |
| आन्तरिक आय | २०७९५४८९.०४ | | |
| अन्य आय | ३४९७५७६.१ | | |
| कुल आय | ६८२९५७०१८.७१ | कुल खर्च | ७०७२३२२५६.०८ |
| बाँकी मौज्दात | | ३३६५७७९४.३७ | |

बेरूजु दफा ३६ सँग सम्बन्धित विवरण - अनुसूची -३

| गो. भौ. नं./ मिति | फर्मको नाम | रकम रु |
|---|---|---|
| २/०७९/६/९ | ग्लोवल इन्जिनियरिङ्ग कन्सट्रक्सन | ३७४१२ |
| ३/०७९/६/९ | कार्की निर्माण सेवा | २६५८७ |
| ३/०७९/६/९ | मकालु निर्माण सेवा | ७४३२४ |
| ४/०७९/६/११ | मुकुल निर्माण सेवा | ३२९६० |
| ७/०७९/७/१६ | D.P.S Construction | १७६०६ |
| ७/०७९/७/१६ | Light Builders | १०७८९७ |
| ७/०७९/७/१६ | जाल्पादेवी निर्माण सेवा | ५१७३९ |
| ९/०७९/७/२१ | कुन्सालिङ् कन्सट्रक्सन | १५३५१९६ |
| १०/०७९/८/१४ | तुफान निर्माण सेवा | २१४१९ |
| १९/०८०/१/७ | लक्ष्मी निर्माण सेवा | २६७७३४ |

| | |
|---|---|
| **जम्मा** | २१७२८७४ |

**बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क्र सं | वगरको नाम | न्यूनतम कायम अंक | सप्लायर्स | कबोल अंक | छुट प्रतिशत | छुटपछी कायम अंक |
|---|---|---|---|---|---|---|
| १ | पिखुवा खोला सोतिवगर घट्टेखोला शेराखोला | ४०८४२२.५४ | पुर्ण सप्लायर्स | ४०८४२५ | ७ | ३७९८३५.२५ |
| २ | सोरेङ खोला दोभान क्षेत्र, नखुका खोला दोभान | ५०८६८२.१२ | आयुक्षा अर्गानाइजेशन प्रा लि | ५०८६८२.१२ | ७ | ४७४३०० |